New Curriculum

puspas.com.np

# कक्षा ११ नेपाली

# पाठ ११: रारा भ्रमण

# अभ्यास

puspas.com.np

# INDEX

शब्दभण्डार

बोध र अभिव्यक्ति

व्याकरण

puspas.com.np

## शब्दभण्डार

### १. दिइएका पदावली र अर्थको जोडा मिलाउनुहोस् :

उत्तरः

| | | |
|---|---|---|
| विविधतायुक्त वैभव | – | भिन्नताले भरिएको सम्पत्ति |
| सञ्जीवनी बुटी | – | जीवन बचाउने औषधी |
| अवलोकन भ्रमण | – | विभिन्न दृश्यको अवलोकनका लागि गरिने भ्रमण |
| दिव्य अनुभूति | – | अलौकिक अनुभूति |
| शुक्ल पक्ष | – | कृष्णपक्ष पछिको पन्ध्र दिन |
| सदाबहार वनस्पति | – | सधैँ हरियो हुने रुखबिरुवा |

२. **दिइएका शब्दहरु प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

अनुपम, उद्‌गम, साक्षी, गुल्जार, जम्काभेट, निकुञ्ज, सौन्दर्य, गन्तव्य, सदावहार, वनस्पति

उत्तरः हामी पोखरावाट रारा तालको अनुपम सौन्दर्यको दृष्टिगोचर गर्नका लागि नेपाली भाषाको उद्‌गम स्थल सिँजा उपत्यका हुँदै दुई दिनको यात्रापश्चात् रारा पुगी गुल्जाररुपी रारा राष्ट्रिय निकुञ्ज नजिकै वसेर सदावहार वनस्पतिका वनऔषधीहरुको अनुपम रसायन र सम्मिश्रणवाट वनेको राराको जलमा वैँसले उन्मत्त झैं छचल्किएका वेताल लहरहरु हेरी मन्त्रमुग्ध वनी आत्मालाई साक्षी राखी पुनः भेट्न आउने वाचा गरी आफ्नै गन्तव्य पोखरा फर्क्यौं ।

puspas.com.np

**३. दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थ खोजेर लेख्नुहोस् :**

**(क) दृश्यावलोकन, अनुभूति, पिरती, कविता (मानविकी)**

| | | |
|---|---|---|
| **दृश्यावलोकन** | – | दृश्य वा कुनै सुन्दर ठाउँ हेर्ने अथवा अवलोकन गर्ने काम |
| **अनुभूति** | – | मनले अनुभव गर्ने व्यापार वा क्रिया |
| **पिरती** | – | स्त्रीको पुरुषका हृदयमा र पुरुषको स्त्रीका हृदयमा बसेको प्यार, प्रेम, माया, अनुराग |
| **कविता** | – | कविद्वारा आफ्ना अनुभूतिलाई लयबद्ध प्रस्तुत गरिएको पद्यात्मक वा गद्यात्मक रचना, कविकर्म, काव्य |

puspas.com.np

**३. दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थ खोजेर लेख्नुहोस् :**

**(ख) कच्ची, जिप, राजमार्ग, बसपार्क (यातायात क्षेत्र)**

**कच्ची** – काँचो ईँट वा माटाका डल्ला आदि जोडेर बनाइएको (घर, पर्खाल आदि), धेरै समयसम्म नटिक्ने

**जिप** – बसभन्दा सानो, सामान्य कारट्याक्सीभन्दा ठुलो, खुला वा मोटो कपडाको छानु लगाइएको, खराब बाटोमा पनि जान सक्ने, हलुका र बलियो मोटर

**राजमार्ग** – फराकिलो र लामो पक्की सडक, मूल सडक

**बसपार्क** – बस बिसौनी, बस बिसाउने ठाउँ

puspa...com.np

**३. दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थ खोजेर लेख्नुहोस् :**

**(ग) उपत्यका, चट्टान, पर्वत, क्षेत्रफल, हिमाल (भूगोल)**

**उपत्यका** – पहाडका फेदीको समथर जमिन, बेसी

**चट्टान** – एउटै ठुलो ढुङ्गाको पहाड वा ढिस्को, ढुङ्गैढुङ्गाको ठुलो राशि, ढुङ्गाको राशिको एक फग्लेंटो वा टुक्रो

**पर्वत** – पहाड, डाँडो, शैल, चट्टान, धवलागिरि अञ्चलमा पर्ने एक जिल्ला

**क्षेत्रफल** – कुनै जमिनको लमाइ र चौडाइको गुणाबाट निक्लने वर्गात्मक अङ्क वा परिमाण

**हिमाल** – हिमालय, नेपालको उत्तरी सीमाक्षेत्रमा वारपार पसारिएको, टाकुराहरु सधैँजसो हिउँले ढाकिरहने, उँचो पर्वतमाला, हिमश्रृङ्खला

puspas.com.np

**३. दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थ खोजेर लेख्नुहोस् :**

(घ) खस राज्य, वस्ती, शासक, कार्यालय (प्रशासन)

| | | |
|---|---|---|
| **खस राज्य** | – | खस जातिका मानिसले सातौँ आठौँ शताब्दीदेखि शासन गरेको पश्चिम नेपालको विस्तृत पहाडी भूभाग |
| **वस्ती** | – | मान्छेका घरहरु भएको ठाउँ, गाउँ, आवास, वासस्थान |
| **शासक** | – | शासन गर्ने व्यक्ति, राष्ट्रको काममा विधिसम्मत ढङ्गले अग्रगति दिँदै जाने व्यक्ति, अधिपति |
| **कार्यालय** | – | सरकारी वा गैरसरकारी काम हुने ठाउँ |

puspas.com.np

**३. दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थ खोजेर लेख्नुहोस् :**

(ङ) होटल, खानपान, रिसोर्ट, भ्रमण (पर्यटन)

| | | |
|---|---|---|
| **होटल** | – | मूल्य तिरेर खानपिन गरिने वा भाडा दिएर यात्रीहरु केही समय बस्ने, सुत्ने विश्रामस्थल, आवासीय भोजनालय |
| **खानपान** | – | खुवाइ र पियाइ, अन्नपानी |
| **रिसोर्ट** | – | पार्कसहितको आवासीय भोजनालय |
| **भ्रमण** | – | घुमफिर गर्ने काम, पर्यटन |

puspas.com.np

**३. दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थ खोजेर लेख्नुहोस् :**

**(च) निकुञ्ज, संरक्षण, सदाबहार, वनस्पति (वनविज्ञान)**

**निकुञ्ज** – वनका पशु एवं पक्षीहरुको सुरक्षाका निमित्त वा प्राकृतिक सम्पदालाई जोगाउन छुट्याइएको जङ्गल

**संरक्षण** – हानी नोक्सानी, विनाश आदिबाट जोगाउने काम, हिफाजत, रेखदेख

**सदाबहार** – सधैँ हराभरा रहने, सधैँ फुल्ने

**वनस्पति** – सबै किसिमका बोटबिरुवा, लहराझारपात

puspas.com.np

४. दिइएका शब्दहरु कुन कुन विषयक्षेत्रसँग सम्बन्धित छन् पहिचान गरी अर्थ लेख्नुहोस् :

(क) अध्याय, व्यक्तिवृत्त, मूल्याङ्कन, निःशुल्क, दूरसञ्चार (शिक्षा र सञ्चार)

(ख) अब्बल, पर्ती, सुकुम्बासी, भूक्षय, ऐलानी, खण्डवृष्टि, छपान (कृषि तथा वन क्षेत्र)

(ग) अनुभूति, एकाधिकार, पुरातत्त्व, उपभोक्ता, आशुकवि, शिलालेख, शीतयुद्ध (साहित्य र इतिहास)

(घ) अग्रिम, अधिकृत, तदर्थ, फर्स्योट, बेरुजु, निलम्बन, राजस्व (प्रशासन क्षेत्र)

(ङ) तारिख, अधिवक्ता, देवानी, फौजदारी, विधेयक, मुचुल्का, सार्वभौमसत्ता, जमानत, बिगो (कानुन क्षेत्र)

(च) बहिरङ, कुपोषण, निदान, चक्रटो, जीवाणु, लवण, शिलान्यास (चिकित्सा क्षेत्र)

(छ) ऊर्जा, क्षेप्यास्त्र, तापक्रम, जीवकोष, स्नायु, तारापुञ्ज, प्रक्षेपण, विकिरण (विज्ञान र प्रविधि)

puspac.com.np

**(५) दिइएका विषयक्षेत्रका आधारमा समूह बनाई हरेक क्षेत्रका दश दशओटा शब्दहरु खोज्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :**

**(क) शिक्षा** – विद्यार्थी, विद्यालय, परीक्षा, शिक्षा, पाठ, पाठयोजना, शैक्षिक, उत्तीर्ण, मूल्याङ्कन, प्रमाणपत्र, अध्यापक, प्राध्यापन, प्रश्नपत्र, छात्रवृत्ति

**(ख) कृषि तथा वन** – बिउबिजन, मल, विषादी, आच्छादन, हलो, खेतबारी, वन, जङ्गल, वनस्पति, निकुञ्ज, पातपतिङ्गर, छपान, हेरालो

**(ग) मानविकी तथा सामाजिक शास्त्र** – मानवता, सहयोग, समाज, सामाजिकता, गरिबी, विपन्नता, सम्पदा, संस्कृति, परम्परा, चालचलन, चाडपर्व, जन्म, विवाह आदि ।

**(घ) व्यापार तथा वाणिज्य शास्त्र** – वचत, भौचर, लेनदेन, ब्याज, मुद्दति, सापटी, बैङ्क, सहकारी, ढुकुटी, चेक, दस्तखत, नाफा, नोक्सान, आम्दानी आदि ।

**(ङ) कानुन तथा राजनीति शास्त्र** – अदालत, तारिख, फैसला, वादी, प्रतिवादी, मुचुल्का, दल, नेता, कार्यकर्ता, घोषणपत्र, आन्दोलन, विधेयक, अध्यादेश, सांसद् मन्त्री आदि।

puspas.com.np

**(च) चिकित्सा** – रोग, सल्यक्रिया, औषधी, एक्सरे, अन्तरङ्ग, बहिरङ्ग, रक्तचाप, हस्पिटल, भाइरस, खोप, स्वास्थ्य शिविर, उपचार आदि ।

**(छ) विज्ञान तथा प्रविधि**– अम्ल, एसिड, अक्सिजन, इलेक्ट्रोन, प्रोटोन, हाइड्रोजन, ताप, शक्ति, ऊर्जा, विकिरण, रकेट, क्षेप्यास्त्र, यन्त्रमानव, बम, मेसिन आदि।

**(ज) सञ्चार क्षेत्र** – समाचार, रेडियो, टेलिभिजन, पत्रकार, पत्रिका, सम्वाददाता, प्रशारण, सञ्चारकर्मी, कम्प्युटर, इमेल, इन्टरनेट, सम्पादकीय, सम्पादक, प्रस्तोता आदि ।

**(झ) जनप्रशासन** – प्रशासक, प्रशासन, सेवाप्रदायक, सेवाग्राही, अधिकृत, सचिव, सुब्बा, खरिदार, हाकिम, निवेदन, चलानी, दर्ता, मुचुल्का, उजुरी, कारवाही आदि

**(ञ) इन्जिनियरिङ** – स्केल, कम्पास, मिटर, भवन निर्माण, पुल डिजाइन, नापजाँच, लम्बाइ, चौडाइ, क्षेत्रफल, निर्माणाधीन, पक्की बाटो आदि ।

puspas.com.np

puspas.com.np

## बोध र अभिव्यक्ति

### १. दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् :

**क. दैनिकीलाई कस्तो ढाँचामा प्रस्तुत गरिएको छ ?**

उत्तर : दैनिकीलाई यात्रावर्णनको ढाँचामा प्रस्तुत गरिएको छ ।

**ख. दैनिकीमा प्रयोग भएको सबैभन्दा ठुलो र सानो अनुच्छेद संरचना कुन कुन हुन् ?**

उत्तर : दैनिकीमा प्रयोग भएको सबैभन्दा ठुलो र सानो अनुच्छेद संरचना उन्नाइस र पच्चिस हुन् ।

**ग. दैनिकीको सुरुदेखि अन्त्यसम्मका संरचनालाई जोड्ने आधार के हो ?**

उत्तर : दैनिकीको सुरुदेखि अन्त्यसम्मका संरचनालाई जोड्ने आधार घटना तथा कार्यव्यापार हो ।

**घ. दैनिकीको दोस्रो दिनका घटनाहरुको सूची बनाउनुहोस् ।**

उत्तर : दैनिकीको दोस्रो दिनका घटनाहरु निम्नानुसार सूचिबद्ध गर्न सकिन्छ :

puspas.com.np

**घ. दैनिकीको दोस्रो दिनका घटनाहरुको सूची बनाउनुहोस् ।**

**उत्तर : दैनिकीको दोस्रो दिनका घटनाहरु निम्नानुसार सूचिवद्ध गर्न सकिन्छ :**

१. विहान चार बजे नै उठेर पाँचै बजे सुर्खेतबाट राराको यात्रामा निस्कनु,

२. डुङ्गेश्वरमा चियानास्ता गरी कर्णाली नदीको तिरैतिर जितेगढ, मान्मा, पिली हुँदै नाग्मागाढ पुगेर हिमा नदीको तिरैतिर सिंजा उपत्यकातर्फ लाग्नु,

३. नराकोट हुँदै सिंजा प्रवेश उपत्यका पुगी पाण्डव गुफा हुँदै गोठीजिउला पुगेर होटलमा खाना बनाउन लगाउनु,

४. खाना खाएपछि बोताको राजमार्ग हुँदै चौँथाबाट घुच्चीको उकालो चढ्दै रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टमा पुग्नु,

५. पिनागाउँ हुँदै सल्लेरीको जङ्गलको बाटो एक घण्टा हिँडी रारा पुगी रिसोर्टमा बास बस्नु,

६. राराको रात्रीकालीन सौन्दर्य, देउडाको प्राकृतिक स्वाद, खानपान, नाचगान आदिमा रमाउँदा उक्त स्थानलाई विश्वकै साँस्कृतिक केन्द्र ठान्नु,

७. यात्राको थकानले लखतरान भए पनि राराको सौन्दर्यपान गरी खुसीले फुरुङ्ग हुनु,

२. "बिहानै मिर्मिरे...जागिरहँदोरहेछ" दैनिकी अंशका आधारमा दिइएका प्रश्नहरुको उत्तर दिनुहोस्:

**(क) रारा तालका बेताल लहरहरु कस्ता थिए ?**

उत्तर : रारा तालका बेताल लहरहरु बैंसले छचल्किएका, पिरती गाँस्न हतारिएका अनि दिल चोर्ने जादुमय मादकताले भरिएका जस्ता थिए ।

**(ख) रारले शासकलाई पनि कसरी कवि बनाउन सक्दो रहेछ ?**

उत्तर : रारले प्राकृतिक सौन्दर्यको अनुपम छटा एवं दिल चोर्ने जादुमयी मादकताले लट्ठ पारी शासकलाई पनि कवि बनाउन सक्दो रहेछ ।

**(ग) राराको सुन्दरतालाई किन जादु भनिएको हो ?**

उत्तर : राराको सुन्दरतामा जोकोहीको दिल चोरी लट्ठयाउने मादकता भएकाले राराको सुन्दरतालाई जादु भनिएको हो ।

**(घ) यस अनुच्छेदमा राराको प्राकृतिक सौन्दर्यको वर्णन कसरी गरिएको छ ?**

उत्तर : रारा तालको किनारमा छचल्किँदै आउने बेताल लहरहरु बैंसले छचल्किएका अनि पिरती गाँस्न हतारिएका जस्ता देखिन्थे । ती दिल चोर्ने लहरहरु जादुमय मादकताले भरिएका थिए । राराको सौन्दर्यमा साहित्यकार बनाइदिन सक्ने अनि मानव मनलाई परिष्कार गरी प्राकृतिक मान्छे बनाउने जादु थियो भनी राराको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ ।

puspac.com.np

३. दिइएको दैनिकी अंशका आधारमा सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :

**(क) सिँजा उपत्यकाको चिनारी दिनुहोस् ।**

उत्तर : सिँजा उपत्यकाको वरिपरि रमणीय बस्ती एवं थुप्रै गाउँहरु रहेका छन् भने खेतहरुलाई हिमा नदीले अभिसिञ्चित गरेको छ । सिँजा उपत्यका बाइसे खस राज्यको राजधानी, नेपाली भाषाको उद्गम स्थल र रातो मार्सी धान उत्पादनको मूल थलो हो । पवित्र एवं ऐतिहासिक उपत्यका सिँजा साँच्चिकै गुल्जार हुनुका साथै पर्यटकीय गन्तव्य स्थल हो जहाँ विकासका पूर्वाधारहरु विस्तारै प्रवेश गर्दै छन् ।

**(ख) लेखकले सिँजादेखि रारासम्मको यात्रा कसरी पूरा गरे ?**

उत्तर : लेखकले सिँजा उपत्यकाबाट मालिका बोतादेखि चट्टान चिरेर बनेको राजमार्गलाई पछ्याउँदै चौँथा भन्ने ठाउँमा पुगी उकालिँदै घुच्चीको लेकमा रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टमा पुगेपछि पिनागाउँ हुँदै रारा ताल नजिकैको सल्लेरीको जङ्गलमा पुगेपछि गाडी रोकेर झोला बोकी करिब एक घण्टा हिँडेर रारा पुगी सिँजादेखि रारासम्मको यात्रा पूरा गरे ।

puspas.com.np

## ४. उत्तर दिनुहोस् :

### (क) पाठका आधारमा राराको परिचय दिनुहोस् ।

उत्तर : समुद्री सतहदेखि २९७२ मिटरको उचाइमा अवस्थित राराको लम्बाइ अधिकतम पाँच किलोमिटर र चौडाइचाँहि अधिकतम ३.२ किलोमिटर छ । १०.८ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो तालले विशालता, उच्चता र भव्यता प्रदर्शन गरेको छ । विहान सूर्य उदाउँदा काँच झैं टल्कन्छ भने दिउँसोको बताससँगै राराको पानी तरेली खेल्छ अनि बादल लाग्दा बादललाई तानेर तालभरि ओछ्याई सौन्दर्य सजाउँदै अनेक रुप फेरिरहन्छ । राराका बेताल लहरहरु बैंसले छचल्किएका अनि पिरती गाँस्न हतारिएका देखिन्छन् । रारामा दिल चोर्ने जादुमयी मादकता भएकाले पर्यटकहरु लट्ठ पर्दछन् । चारैतिर सदाबहार वनस्पतिले भरिएका पहाडले डिल लगाए जस्ता डाँडाहरुले घेरिएको राराको गाढा हरियो पानी सयौं प्रकारका जडीबुटीहरुका जराको वनौषधीहरुको अनुपम रसायन र सम्मिश्रणबाट बनेको छ । रारा स्वर्गीय मधुमाधुरीयुक्त प्राकृतिक आभूषणहरुले सजिएको स्वर्गतुल्य छ ।

puspas.com.np

**(ख) दैनिकी लेखकले पहिलो दिनको यात्रा कसरी पूरा गरे ?**

उत्तर : लेखक बिहान साढे तीन बजे उठी नित्यकर्म गरी चार बजे पाँच जना साथीहरुसहित गुल्मी तल्ला फाँटबाट जिप चढी राराको यात्रा सुरु गरी रुद्रावती नदी तरी किनारै किनार हुँदै अघि बढे । बिहान साढे पाँच बजे मझुवा, चोरकाटे, उल्लीखोला, खैरेनीका फँटहरु छिचोल्दै रुद्रवेणी हुँदै रिडी पुगे । त्यसपछि अर्गली, जोर्ते, लगुवा, हार्थोक हुँदै करिब साढे सात बजे पाल्पा तानसेन पुगेपछि बतासेडाँडा हुँदै पाल्पाको जोरधारामा पुगी पकौडा, चुकाउनी र चिया खाए । नौ बजे बुटवल पुगेका उनी पश्चिमतर्फ मोडिँदै गोरुसिङ्गे, चनौटा, भालुवाङ, लमही हुँदै साँझ चार बजे कोहलपुर पुगेपछि कर्णाली राजमार्ग हुँदै चिसापानी , हात्तिसार, हर्रेको लेक पुगी भेरी नदी तरेर साँझ नौ बजे सुर्खेत पुगेर बसपार्कमै एक होटलमा बास बसे । यसरी दैनिकी लेखकले पहिलो दिनको यात्रा पूरा गरे ।

puspas.com.np

(ग) रारा पुगेर लेखक किन खुसी भए ?

उत्तर : चारैतिर सदाबहार वनस्पतिले भरिएका पहाडले डिल लगाएजस्ता डाँडाहरुले घेरिएको राराको गाढा हरियो पानीमा बैंसले छचल्किएका अनि पिरती गाँस्न हतारिएका जादुमयी बेताल लहरहरुको मादकताले दिल चोरेकाले लट्ठ पर्दै राराको अलौकिक सौन्दर्यको रसपान गरी स्वर्गीय आनन्दको रसानुभूति गरेकाले रारा पुगेर लेखक खुसी भए । समुद्री सतहदेखि २९७२ मिटरको उचाइमा अवस्थित राराको लम्बाइ अधिकतम पाँच किलोमिटर र चौडाइचाँहि अधिकतम ३.२ किलोमिटर छ । १०.८ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो तालले विशालता, उच्चता र भव्यता प्रदर्शन गरेको छ । विहान सूर्य उदाउँदा काँच झैँ टल्कन्छ भने दिउँसोको बताससँगै राराको पानी तरेली खेल्छ अनि बादललाई तानेर तालभरि ओछ्याई सौन्दर्य सजाउँदै अनेक रुप फेरिरहने राराको अलौकिक एवं अद्भूत सौन्दर्यपान गर्न पाएकाले लेखक खुसी भए।

puspas.com.np

**(घ) यस दैनिकीमा लेखकको कस्तो प्रकारको अनुभूति प्रस्तुत भएको छ ?**

उत्तर : लेखकले यस दैनिकीमा राराको यात्रा गर्ने क्रममा देखे भोगेको एवं अनुभव गरेको निजात्मक अनुभूति कलात्मक रुपमा प्रस्तुत भएको छ । गुल्मीबाट रारासम्मको यात्रा गर्ने क्रममा कर्णाली नदी किनार, अर्धकच्ची बाटो, फाँट, नागबेली घुम्ती बाटो, पूर्व पश्चिम राजमार्ग, कर्णाली राजमार्ग, सुन्दर उपत्यका, सिंजा उपत्यका, रमणीय बस्ती, खेत आदि दृश्यहरु देख्दा आनन्दको अनुभूति गरेका छन् । मोटर पुग्दा सिंजा दङ्ग परेको जस्तो अनुभूत गरेका छन् । चट्टानको राजमार्ग, घुच्ची लेक, सल्लेरीको जङ्गल देख्दा एकल यात्रा गरेको भए आफू तर्सने भय अनुभूत गर्दछन् । यात्रामा थकित भए पनि चकित अनुभूत गरेका छन् । सपनाको गन्तव्य रारा तालमा पुग्दा रारा तालका बेताल लहरहरुलाई बैंसले छचल्किएका अथवा पिरती गाँस्न हतारिएका हुन् ठम्याउन गाह्रो परेको रोमाञ्चित अनुभूत गरेका छन् । सारा पर्यटकहरुको दिल चोर्ने जादुमयी राराको मादकतामा नलट्ठिने कोही नहुने भन्दै रारामा शासकलाई एकै नजरमा साहित्यकार बनाइदिन सक्ने अनि मानव मनलाई परिस्कार गरी प्राकृतिक मान्छे बनाउने जादु भएको अनि राराको सौन्दर्यपान जति गरे पनि भोक प्यास जागिरहने मृगतृष्णा अनुभूति गरेका छन् । राराका छालहरु आफूसँग जिस्कँन आएको वा पिरती गाँस्न आएको श्रृङ्गारिक रसको अनुभूति गर्दछन् । घाम, जुन, बादल, पहाड, हिमालहरु राराका लहरमा हाम्फाल्दै अपूर्व आनन्द होला भनी प्रकृतिलाई मानवीकरण गरी आत्मिक आनन्दको रसानुभूति गरेका छन् । त्यहाँको रमणीय प्राकृतिक वातावरण देख्दा गौरवले छाती फुलाउँदै नेपाली हुनुको गौरव अनुभूति गरेका छन् । राराको सौन्दर्य सज्जा सबैलाई मन्त्रमुग्ध पार्ने खालको छ भनी अद्भूत अलौकिक आनन्दको अनुभूति गरेका छन् । रारालाई हेर्ने र अघाउने धोको अधुरै छाडी पुनः आउने बाचा गरी अपूर्व एवं अलौकिक आनन्दानुभूति गरेका छन् । यसरी यस दैनिकीमा लेखकको वैयक्तिक जीवनका निजात्मक अनुभूतिको कलात्मक प्रस्तुति भएको छ ।

puspas.com.np

## ५. यस दैनिकीमा प्रकृतिलाई कसरी मानवीकरण गरिएको छ, वर्णन गर्नुहोस् :

उत्तर : कुनै वस्तुलाई मानवको रुप दिनाको भाव तथा प्रक्रिया वा मानवका रुपमा कल्पित तथा प्रस्तावित गर्ने काम नै मानवीकरण हो । यस दैनिकीमा प्रकृतिका विभिन्न पक्ष नदीनाला, ताल, पहाड, हिमाल, उपत्यका, वनजङ्गल, आगोपानी, बाटाघाटा, जुन, घाम आदिलाई मान्छेका जस्तै गतिविधि वा क्रियाकलापका रुपमा प्रस्तुत गरी प्रकृतिलाई मानवीकरण गरिएको छ । रुद्रावती नदीका काखमा अवस्थित फाँट, कालोपत्रेको पर्खाइमा बसेको कच्ची बाटो, लामो यात्रा गर्दै आएको कालीगण्डकी, कर्णाली घाम ताप्न झरेको, हिमा र तिला दुई बहिनी सुसेली हाल्दै कर्णालीमा हेलिएका, सिँजाले मार्सी चामल पठाएको, मोटर बाटोले छोएपछि सिँजा दङ्ग परेको, रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टसँग जम्काभेट भएको, रुखका ठुटाहरु धुम्धुम्ती बसेका, आगोको कृत्रिम तातो र राराको प्राकृतिक चिसोको तिव्र द्वन्द्व भएको, राराका बेताल लहरहरु बैंसले छचल्किएका, पिरती गाँस्न हतारिएका, जादुमयी राराको मादकताले पर्यटकको दिल चोर्नु, राराले मानव मनको मैलो पखाली प्राकृतिक मान्छे बनाउनु, गेट दक्षिण फर्कनु, छालहरु जिस्कन आउनु, रारा नानीले न्यानो माया गर्नु, घाम र जुन आलोपालो गरी पौडिनु, बादल, पहाड, हिमालहरु तँछाडमछाड गर्दै राराका लहरहरुमा हाम फाल्दै अपूर्व आनन्द लुट्नु, पहाड रारालाई पहरा दिएर बसेको, सुषुप्त वनस्पति, सगरमाथा उभिनु, राराको पानी हावामा तरेली खेल्नु, बादललाई तानेर राराले पुरै तालभरि ओछ्याएर सौन्दर्य सज्जा गरी पर्यटकलाई लट्ठ बनाउनु, रारा नानीले अनेक रुप फेर्नु जस्ता शब्दावलीहरुमार्फत् लेखकद्वारा यस दैनिकीमा प्रकृतिलाई मानवीकरण गरिएको छ ।

puspas.com.np

## ६. दैनिकी पढी मुख्य मुख्य घटना टिपोट गर्नुहोस् :

उत्तर : **२०७७ जेठ २३ गते** लेखक विहान साढे तीन बजे उठी नित्यकर्म गरी चार बजे पाँच जना साथीहरुसहित गुल्मी तल्ला फाँटबाट जिप चढी राराको यात्रा सुरु गर्नु, विहान साढे पाँच बजे मझुवा, चोरकाटे, उल्लीखोला, खैरेनीका फाँटहरु छिचोल्दै रुद्रवेणी हुँदै रिडी पुग्नु, त्यसपछि अर्गली, जोर्ते, लगुवा, हार्थोक हुँदै साढे सात बजे पाल्पा पुगेपछि बतासेडाँडा हुँदै जोरधारामा पुगी खाजा खानु, नौ बजे बुटवल पुगी गोरुसिङ्गे, चनौटा, भालुवाङ, लमही हुँदै साँझ चार बजे कोहलपुर पुग्नु, कर्णाली राजमार्गबाट चिसापानी, हात्तिसार, हर्रेको लेक हुँदै साँझ नौ बजे सुर्खेतको होटलमा बास बस्छन् ।

**२०७७ जेठ २४ गते** पाँचै बजे सुर्खेतबाट राराको यात्रामा निस्कनु, डुङ्गेश्वरमा चियानास्ता गरी कर्णाली नदीको तिरैतिर जितेगढ, मान्मा, पिली हुँदै नाग्मागाढ पुगी सिंजातर्फ लाग्नु, नराकोट हुँदै सिंजा प्रवेश उपत्यका पुगी पाण्डव गुफा हुँदै गोठीजिउला पुगेर होटलमा खाना बनाउन लगाउनु, खाना खाएपछि बोताको राजमार्ग हुँदै चौँथाबाट घुच्चीको उकालो चढ्दै रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टमा पुग्नु, सल्लेरीको जङ्गलको बाटो एक घण्टा हिँडी रारा पुगी रिसोर्टमा बास बस्नु, राराको रात्रीकालीन सौन्दर्य, केउडाको प्राकृतिक स्वाद, खानपान, नाचगान आदिमा रमाउनु, खुसीले फुरुङ्ग हुन्छन् ।

**२०७७ जेठ २५ गते** पाँच बजे उठी राराको आँगनमा पुगी रारालाई नियाल्दै आनन्दको अनुभूति गर्नु, रारा राष्ट्रिय निकुञ्जको कार्यालयको दक्षिणी गेट नजिकै बसी राराको पानीसँग रमाउँदै रारालाई एक फेरा लगाई पानी हेरी दिव्य अनुभूति गर्नु, रारा र त्यहाँको परिवेशलाई मानवीकरण गरी नेपाली हुनुको गौरवबोध गर्नु, रारा नानीका अनेक रुपलाई हेरी अघाउने धोको अधुरै छाडी अर्कोपल्ट अघाउन्जेल हेर्न आउने बाचाका साथ जन्मथलो फर्कन्छन् ।

puspas.com.np

७. तपाईं सहभागी भएको कुनै कार्यक्रमको वर्णन गर्दै एक दिनको दैनिकी तयार पार्नुहोस् ।

उत्तर : **वनभोज कार्यक्रम** (दैनिकी)

२०७७ माघ ०९ गते शुक्रवार ।

प्रभातकालीन पूर्वको सुनौलो किरण अनि चिसो पवन र चरीको चिरबिर गान र तानको सुमधुर गुञ्जनसँगै घरनजिकैको विन्ध्यवासिनी मन्दिरको घण्टीको आवाजले मनको फाँटमा तरङ्गित विचारका रङ्गीन तरेलीहरुलाई चिर्दै दुई नयन परेलीहरु बिहानीपख ५:०० बजे उघ्रन पुगे । म अध्ययनरत महेन्द्र माध्यमिक विद्यालय पोखराबाट आयोजित कक्षा ११ को वनभोज कार्यक्रममा म सहभागी हुने हिजोको सल्लाहकै परिणामस्वरुप वनभोजकै स्वप्नील सागरको छालमा बत्तिन पुगेछु । ब्युँझेपछि म आफ्नो शयनकक्षबाट उठी नित्यकर्म सकेर आमाले ल्याइदिनुभएको तातो तातो चिया र नास्ता खाई विद्यालयको पोशाक लगाएर हतार हतार गर्दै ६ बजे नै म आफ्नो विद्यालय पुगें । विद्यालयमा पुग्दा साथीहरु सबै आइसक्नुभएको रहेछ अनि गुरुहरु पनि । यस कार्यक्रमका लागि हामीहरु ८५ जना उपस्थित भैसकेका थियौं । त्यसपछि हामीहरु सबै वनभोजका लागि किनमेल गरिएका सामग्रीहरु लिएर दुईओटा बस रिजर्भ गरी ६:३० बजे वनभोज स्थल बेगनासतालतर्फ लाग्यौं ।

puspas.com.np

करिब आधा घण्टाको यात्रापश्चात् बेगनास तालनजिकैको मत्स्यपालन केन्द्रमा गाडी रोकी भोजनमा माछाको परिकार बनाउनका लागि हामीले बिस किलो माछा किनी बसमा राख्यौँ । केही समयको यात्रापश्चात् बेगनास पुगी तालनजिकै गाडी रोक्यौँ । गाडी पिकनिक स्पोर्टमा नै नजाने भएकाले सबै मिली वनभोजका लागि ल्याइएका सामग्रीहरु बोकी पिकनिक स्पोर्टतर्फ लाग्यौँ । तालकै किनारमा रहेको उक्त स्थल पानी बत्तीसँगै आवश्यक सुविधायुक्त रहेछ । गुरुको निर्देशनअनुसार आआफ्नो समूहलाई जिम्मा लगाइएको काम गर्न सबै जना ब्यस्त भयौँ । सबै मिली चिया, पाउरोटी, भुजिया, अण्डा तयार पारी बसेर खायौँ । नास्ता खाएपछि छात्र साथीहरु खसी काटी खुइल्याएर काटकुट पार्न थाल्नुभयो भने छात्रा साथीहरु तरकारी केलाउने र काट्ने काममा ब्यस्त हुनुभयो । सबै परिकारका सामग्रीहरु तयार भएपछि गुरु र गुरुआमाहरु खाना बनाउन ब्यस्त हुनुभयो । हामी भने साङ्गीतिक कार्यक्रममा ब्यस्त भयौँ । म कहिल्यै ननाच्ने मान्छे पनि उफ्रीउफ्री नाचेँ ।

केही समयपछि केही साथीहरु लिएर म तालमा पौडी खेल्न गएँ । बेगनास ताल कास्की जिल्लाको लेखनाथअन्तर्गत पर्ने रमणीय ताल हो । यस तालको क्षेत्रफल ३.७३ वर्ग कि. मि. रहेको छ । ७.५ देखि १०.६ मिटर गहिराई भएको यस तालमा वि. सं २०४४ सालमा बाँध बाँधेपछि २२० हेक्टरबाट बढेर यसको क्षेत्रफल ३७३ हेक्टर (३.७३ वर्ग कि. मि.) पुगेको रहेछ । यसको बाँधबाट निकालिएको नहरको पानीले खुदी फाँट र मालमूल फँटमा सिँचाइ सुविधा हुँदै आएको रहेछ । यस तालमा माछा पालन ब्यवसाय पनि सञ्चालन गरिएको रहेछ । डुङ्गा चालन ब्यवसाय ब्यवस्थित रुपमा सञ्चालित रहेछ । हामी केही समय डुङ्गा सयर गरी रमायौँ।

puspas.com.np

२:३० बजेतिर सबै जम्मा भएर खाजा खायौं । त्यसपछि सबै साथीहरु जम्मा भएर नाच्ने, गाउने कार्यका साथै रमाइला खेलहरु पनि खेल्यौं । ५:०० बजेतिर सबैले खाना खाई सामूहिक नृत्यसँगै वनभोज कार्यक्रमलाई बिट मारी सामानहरु बसमा राख्यौं ।

रमाइलो वनभोज कार्यक्रमलाई भरपुर मनोरञ्जनका साथ हाँस्दै, नाच्दै, खेल्दै, रमाउँदै अनि अविस्मरणीय बनाउँदै लगभग ५:४५ बजेतिर हामी सबै पुनः विद्यालयतर्फ प्रस्थान गर्‍यौं । ६.३० तिर विद्यालय पुगेपछि खुसीका हातहरु हल्लाउँदै आँखाभरि रमाइला दृश्यहरु अनि मन मस्तिष्कका पानाभरि हर्षहरु सञ्चित गर्दै आआफ्नो घरतर्फ लाग्यौं । करिब आधा घण्टाको हिँडाइपछि ७:३० बजे म आफ्नो घरमा पुगें ।

यसरी आजको दिन विद्यायको वनभोज कार्यक्रममा सहभागी भएर अत्यन्तै रमाइलो गरी बिताइयो । आजको दिन मेरो लागि रमणीय मात्र नभएर बेगनास तालको सुरम्य प्राकृतिक दृश्यको अवलोक अनि बोटिङ र पौडी खेल त जीवनकै अविस्मरणीय क्षण बनेर मस्तिष्कका पानामा सजिने छन् । यस्ता कार्यक्रमले जीवनमा सकारात्मक ऊर्जा थप्नुका साथै नवीन अनुभव र अनुभूति दिलाउने रहेछन् भन्ने वास्तविकता बोध भयो ।

puspas.com.np

८. २०७७ जेठ २५ गतेको दैनिकीको सारलाई एक अनुच्छेदमा पुनर्लेखन गर्नुहोस् ।

उत्तर : २०७७ जेठ २५ गते पाँच बजे उठी राराको आँगनमा पुगी रारा ताल हेर्न, छुन र आनन्द लिन राराकै छेउमा पुग्यौं। रारा तालका बेताल लहरहरुलाई बैंसले छचल्किएका अथवा पिरती गाँस्न हतारिएका हुन् ठम्याउन गाह्रो पर्‍यो । रारामा मानव मनलाई धोइपखाली प्राकृतिक मान्छे बनाउने जादुमयी मादकता रहेछ । रारा राष्ट्रिय निकुञ्जको कार्यालयको दक्षिणी गेट नजिकै बसी राराको पानीसँग रमाउँदै रारालाई एक फेरा लगायौं । समुद्री सतहदेखि २९७२ मिटरको उचाइमा अवस्थित राराको लम्बाइ अधिकतम पाँच किलोमिटर र चौडाइचाँहि अधिकतम ३.२ किलोमिटर छ । १०.८ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो तालले विशालता, उच्चता र भव्यता प्रदर्शन गरेको र सौन्दर्य सजाउँदै अनेक रुप फेरिरहने रारा र त्यहाँको परिवेशलाई नियाली नेपाली हुनुको गौरवबोध गरी रारा नानीका अनेक रुपलाई हेरी अघाउने धोको अधुरै छाडी अर्कोपल्ट अघाउन्जेल हेर्न आउने बाचाका साथ जन्मथलो फर्क्यौं ।

puspa.com.np

## १०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस् :

प्रश्नहरु :

**(क) मिथिला लोककलामा महिलाको कस्तो भूमिका छ ?**

उत्तर : महिलाहरुले नै मिथिला लोककलाको सुरुवात, संवर्धन र संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएकाले मिथिला लोककलामा महिलाहरुको भूमिका उल्लेखनीय एवं अतुलनीय छ ।

**(ख) अल्पना किन निर्माण गरिन्छ ?**

उत्तर : अल्पना शुभ तथा माङ्गलिक भाव बोध गर्ने शुभसाइतको द्योतक भएकाले घरमा आउँदा र निस्कँदा शुभ साइत होओस् भन्नका लागि निर्माण गरिन्छ ।

**(ग) मिथिला लोककलालाई के कसरी वर्गीकरण गरिएको छ ?**

उत्तर : मिथिला लोककलालाई भित्तेचित्र, भूमिचित्र, पटचित्र, काष्ठचित्र, वास्तुचित्र, भाण्डचित्र र व्यक्तिचित्र गरी सात प्रकारमा वर्गीकरण गरिएको छ ।

**(घ) माङ्गलिक र द्योतक शब्दको अर्थ लेख्नुहोस् ।**

उत्तर : **माङ्गलिक** शब्दको अर्थ **मङ्गलसूचक, शुभ** हो भने **द्योतक** शब्दको अर्थ **उज्यालो पार्ने, सङ्केत गर्ने** हो ।

puspas.com.np

११. तलको अनुच्छेदलाई चारओटा बुँदामा लेख्नुहोस् र उक्त बुँदाहरुलाई समेटेर एक तृतीयांशमा सारांश लेख्नुहोस् :

उत्तरः

**मुख्य मुख्य चार बुँदाहरु :**

(१) ऋष्यशृङ्ग ऋषिको तपोभूमि रेसुङ्गा तीर्थस्थलका रुपमा सुपरिचित हुनु,

(२) ऋष्यशृङ्ग ऋषिले अयोध्यामा पुत्रेष्ठि यज्ञ गराएकाले दशरथलाई पुत्रलाभ हुनु,

(३) ऋषिको दर्शन गर्न रेसुङ्गा जाँदा पानीको समस्या थाहा पाएपछि रामले बाँण हानी पानी निकाल्नु,

(४) योगी नरहरिनाथले कोटिहोम गरेपश्चात् रेसुङ्गाको पर्यटकीय र धार्मिक महत्त्व फैलनु ।

सारांशः

**रेसुङ्गा**

ऋष्यशृङ्ग ऋषिको तपोभूमि रेसुङ्गा तीर्थस्थलको रुपमा चिनिन्छ । ऋष्यशृङ्ग ऋषिले अयोध्यामा पुत्रेष्ठि यज्ञ गराएकाले दशरथका रामलक्ष्मण छोरा जन्मेका थिए । रामले रेसुङ्गामा ऋष्यशृङ्ग ऋषिको दर्शन गर्दा पानीको समस्या थाहा पाएपछि बाण हानेर पानी निकालेका थिए । योगी नरहरिनाथले वि. सं. २०४१ सालमा कोटिहोम गरेपश्चात् रेसुङ्गाको पर्यटकीय र धार्मिक महत्त्व फैलेको पाइन्छ ।

अनुच्छेदको शब्द सङ्ख्याः १३३
एक तृतीयांश शब्द सङ्ख्याः ४४
सारांश शब्द सङ्ख्याः ४७

puspak.com.np

कोही उदाहरणहरू:


# ४. द्वित्व:

| शब्द | द्वित्व प्रक्रिया | द्विरुक्त शब्द |
|---|---|---|
| आफू | आफू + आफू | आफूआफू |
| हामी | हामी + हामी | हामीहामी |
| आफू | आफू + आफू | आआफू |
| जसको | जसको + जसको | जजसको |
| भात | भात + भात | भातसात |
| बानी | बानी + बानी | आनीबानी |

**परिभाषा:** कुनै शब्द वा शब्दांश दोहोरिएर शब्दनिर्माण हुने प्रक्रियालाई नै द्वित्व भनिन्छ ।

puspas.com.np

puspas.com.np



# पूर्ण द्वित्व:

कही उदाहरणहरू:

| शब्द | द्वित्व प्रक्रिया | द्विरुक्त शब्द |
| --- | --- | --- |
| आफू | आफू + आफू | आफूआफू |
| हामी | हामी + हामी | हामीहामी |
| अघि | अघि + अघि | अघिअघि |
| खै | खै + खै | खैखै |
| पानी | पानी + पानी | पानीपानी |
| जसको | जसको + जसको | जसकोजसको |

**परिभाषा:** पूरै शब्द दोहोरिएर शब्दनिर्माण हुने प्रक्रियालाई नै पूर्ण द्वित्व भनिन्छ ।

puspas.com.np

puspas.com.np

केही उदाहरणहरू:

# आंशिक द्वित्व:

| शब्द | द्वित्व प्रक्रिया | द्विरुक्त शब्द |
|---|---|---|
| आफू | आफू + आफू | आआफू |
| साना | साना + साना | ससाना |
| आफ्नो | आफ्नो + आफ्नो | आआफ्नो |
| जसको | जसको + जसको | जजसको |
| झल्को | झल्को + झल्को | झझल्को |
| तातो | तातो + तातो | तातातो |

**परिभाषा:** शब्द भित्रको कुनै अंश मात्र दोहोरिएर शब्दनिर्माण हुने प्रक्रिया आंशिक द्वित्व हो।

puspas.com.np

# आपरिवर्तित द्वित्व:

केही उदाहरणहरू:

| शब्द | द्वित्व प्रक्रिया | द्विरुक्त शब्द |
|---|---|---|
| खर्च | खर्च + खर्च | खर्चपर्च |
| पैचो | पैचो + पैचो | ऐंचोपैचो |
| दोहोर | दोहोर+ दोहोर | ओहोरदोहोर |
| पालो | पालो + पालो | आलोपालो |
| भात | भात + भात | भातसात |
| बानी | बानी + बानी | आनीबानी |

**परिभाषा** शब्द दोहोरिंदा ध्वनि परिवर्तन भई शब्दनिर्माण हुने प्रक्रिया आपरिवर्तित द्वित्व हो।

## तल दिइएका द्वित्व शब्दहरूको निर्माण प्रक्रिया देखाई द्वित्वको नाम लेख्नुहोस्:

| द्वित्व शब्द | द्वित्व प्रक्रिया | द्वित्वको नाम |
| --- | --- | --- |
| आफूआफू | आफू + आफू | पूर्ण द्वित्व |
| आलोपालो | पालो + पालो | आपरिवर्तित द्वित्व |
| उकुसमुकुस | उकुस + उकुस | आपरिवर्तित द्वित्व |
| आआफ्नो | आफ्नो+ आफ्नो | आंशिक द्वित्व |
| जजस्को | जसको + जसको | आंशिक द्वित्व |
| खर्चपर्च | खर्च + खर्च | आपरिवर्तित द्वित्व |
| गर्गहना | गहना + गहना | आंशिक द्वित्व |
| मालताल | माल + माल | आपरिवर्तित द्वित्व |

puspas.com.np

## तल दिइएका द्वित्व शब्दहरूको निर्माण प्रक्रिया देखाई द्वित्वको नाम लेख्नुहोस्:

| द्वित्व शब्द | द्वित्व प्रक्रिया | द्वित्वको नाम |
| --- | --- | --- |
| आफूआफू | आफू + आफू | पूर्ण द्वित्व |
| आलोपालो | पालो + पालो | आपरिवर्तित द्वित्व |
| उकुसमुकुस | उकुस + उकुस | आपरिवर्तित द्वित्व |
| आआफ्नो | आफ्नो+ आफ्नो | आंशिक द्वित्व |
| जजस्को | जसको + जसको | आंशिक द्वित्व |
| खर्चपर्च | खर्च + खर्च | आपरिवर्तित द्वित्व |
| गर्गहना | गहना + गहना | आंशिक द्वित्व |
| मालताल | माल + माल | आपरिवर्तित द्वित्व |

puspas.com.np

puspas.com.np

## भाषातत्व

# द्वित्व

१. दिइएको अनुच्छेदबाट द्वित्व शब्द छानेर लेख्नुहोस् :

उत्तरः

ससाना (साना + साना)

आली आली (आली + आली)

ठुला ठुला (ठुला + ठुला)

धनसन (धन + धन)

गाडीसाडी (गाडी + गाडी)

साना साना (साना + साना)

आआफ्ना (आफ्ना + आफ्ना)

खानासाना (खाना + खाना)

२. दिइएका शव्दहरुवाट द्विरुक्त शव्द वनाउनुहोस् :

उत्तरः

घर = घर घर, घरसर

साथी = साथी साथी,

वाटो = वाटो वाटो, वाटोसाटो

फूल = फूल फूल, फूलसुल

चित्र = चित्रसित्र, चित्रचित्र

गाडी = गाडीसाडी, गाडी गाडी

गहना = गर्गहना, गहनासहना

वजार = वजारसजार, वजार वजार

मान्छे = मान्छे मान्छे, मान्छेसान्छे

पानी = पानी पानी, पानीसानी

हिमाल = हिमालसिमाल, हिमालहिमाल

किताव = कितावसिताव, कितावकिताव

सामान = सरसामान, सामान सामान

झगडा = झैझगडा, झगडासगडा

puspas.com.np

puspas.com.np

सापटी= सरसापटी, सापटीसापटी

ठुलो = ठुल्ठुलो, ठुलोठुलो

सर = सरासर

एक = एकसेक

पैँचो = ऐँचोपैँचो

पैसा = पैसासैसा

तरकारी= तरकारीसरकारी

वोली = वोलीसोली

कलेज = कलेजसलेज

हजार = हजारसजार

झल्को = झझल्को, झल्कोसल्को

थर्को = थथर्को, थर्कोसर्को

वर = वरवर

चार = चारचार

वानी = आनीवानी

चिया = चियासिया

फोन = फोनसोन

टेवल = टेवलसेवल

लुगा = लुगासुगा

३. दिइएका द्विरुक्त शब्दहरुलाई उस्तै उस्तै समूहमा सूचिवद्ध गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :

उत्तरः

| (क) पूर्ण द्वित्व | | (ख) आंशिक द्वित्व | | (ग) आपरिवर्तित द्वित्व | |
|---|---|---|---|---|---|
| हात हात | (हात + हात) | गर्गहना | (गहना + गहना) | गोदगाद | (गोद + गोद) |
| खोला खोला | (खोला + खोला) | सर्सल्लाह | (सल्लाह + सल्लाह) | आनीबानी | (बानी + बानी) |
| छोरी छोरी | (छोरी + छोरी) | ससानो | (सानो + सानो) | दुधसुध | (दुध + दुध) |
| गाडी गाडी | (गाडी + गाडी) | झझल्को | (झल्को + झल्को) | चोरचार | (चोर + चोर) |

puspas.com.np

४. 'रारा भ्रमण' वाट द्वित्व प्रक्रियावाट वनेका दशओटा शव्दहरु टिप्नुहोस् र द्वित्व विच्छेद गर्नुहोस् :

उत्तरः

| | |
|---|---|
| किनारैकिनार (किनार + किनार) | हल्र्याङहुल्र्याङ (हल्र्याङ + हल्र्याङ) |
| सँगसँगै (सँगै + सँगै) | तिरैतिर (तिर + तिर) |
| माथिमाथि (माथि + माथि) | तलतल (तल + तल) |
| आआफ्नै (आफ्नै + आफ्नै) | छचल्किनु (छल्किनु + छल्किनु) |
| कुद्दाकुद्दै (कुद्दै + कुद्दै) | आलोपालो (पालो + पालो) |

puspas.com.np

# सन्धि

**परिभाषा**

दुई शव्दमध्ये अघिल्लो शव्दको अन्तिम ध्वनि वा वर्ण र पछिल्लो शव्दको सुरुको ध्वनि वा वर्णको संयोजनवाट सिङ्गो शव्द निर्माण गर्ने प्रक्रिया नै सन्धि हो । सन्धि शव्दनिर्माण प्रक्रियाकै एक प्रकार भएकाले उपसर्ग र प्रत्यय लागेर वनेका शव्दका साथै समास प्रक्रियावाट वनेका शव्दहरुसमेत यसअन्तर्गत पर्दछन् ।

**उदाहरण:**

| | | | | | |
|---|---|---|---|---|---|
| महा + इन्द्र | = | महेन्द्र | जगत् + ईश | = | जगदीश |
| पुनः + जन्म | = | पुनर्जन्म | लामो + आइ | = | लमाइ |
| प्रधान + अध्यापक | = | प्रधानाध्यापक | दुर् + आशय | = | दुराशय |

puspas.com.np

puspas.com.np

# सन्धि

| स्वर सन्धि | व्यञ्जन सन्धि | विसर्ग सन्धि |
| --- | --- | --- |
| महा + इन्द्र = महेन्द्र | जगत् + नाथ = जगन्नाथ | पुनः + जन्म = पुनर्जन्म |
| विद्या + आलय= विद्यालय | सम् + भावना = सम्भावना | प्रातः + काल = प्रातःकाल |
| चन्द्र + उदय = चन्द्रोदय | सत् + आचार = सदाचार | मनः + भाव = मनोभाव |

puspas.com.np

# स्वर सन्धि

**परिभाषा**

अगाडिको शब्दको अन्तिम स्वर वर्ण र पछिल्लो शब्दको सुरुको स्वर वर्ण मिलेर नयाँ शब्द वन्ने प्रक्रिया नै स्वर सन्धि हो ।

**उदाहरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्या | + | अर्थी | = | विद्यार्थी | ( आ + अ = आ ) |
| महा | + | उत्सव | = | महोत्सव | ( आ + उ = ओ ) |
| गण | + | ईश | = | गणेश | ( अ + ई = ए ) |
| रवि | + | इन्द्र | = | रवीन्द्र | ( इ + इ = ई ) |
| विद्या | + | आलय | = | विद्यालय | ( आ + आ = आ ) |
| प्रधान | + | अध्यापक | = | प्रधानाध्यापक | ( अ + अ = आ ) |

puspas.com.np

# व्यञ्जन सन्धि

**परिभाषा**

अघिल्लो पदको अन्तिम व्यञ्जनको पछिल्लो पदको सुरुको व्यञ्जनसित अथवा अघिल्लो व्यञ्जन वर्णको पछिल्लो स्वर वर्णसित मेल हुँदा व्यञ्जन वर्णमा परिवर्तन भएर नयाँ शब्द बन्ने प्रक्रिया नै व्यञ्जन सन्धि हो ।

**उदाहरण**

| | | | | | |
|---|---|---|---|---|---|
| जगत् | + | नाथ | = | जगन्नाथ | (व्यञ्जन + व्यञ्जन ) |
| सम् | + | सार | = | संसार | (व्यञ्जन + व्यञ्जन ) |
| सत् | + | भाव | = | सद्भाव | (व्यञ्जन + व्यञ्जन ) |
| दिक् | + | अम्बर | = | दिगम्बर | (व्यञ्जन + स्वर ) |
| तत् | + | अनुसार | = | तदनुसार | (व्यञ्जन + स्वर ) |

puspas.com.np

# विसर्ग सन्धि :

**परिभाषा**

अगाडिको शव्दको अन्तिममा लगाइएको विसर्ग ( : ) सँग पछिल्लो शव्दको सुरुको स्वर वा व्यञ्जन वर्ण मिलेर नयाँ शव्द वन्ने प्रक्रिया नै विसर्ग सन्धि हो । शव्द वन्दा विसर्गको ठाउँमा श, ष, स, र, ओ हुन्छ ।

**उदाहरण**

निः + छल = निश्छल ( : – श् )

धनुः + टङ्कार = धनुष्टङ्कार ( : – ष् )

तेजः + वी = तेजस्वी ( : – स् )

पुनः + जन्म = पुनर्जन्म ( : – र् )

वयः + वृद्ध = वयोवृद्ध ( : – ओ )

puspas.com.np

भाषातत्व

# सन्धि

१. दिइएको अनुच्छेदबाट सन्धियुक्त शब्द पहिचान गरी सन्धि विच्छेद गर्नुहोस् :

(क) उत्तर :

| | | |
|---|---|---|
| नरेश (नर + ईश) | अत्याचार (अति + आचार) | सूर्योदय(सूर्य + उदय) |
| दैनिक (दिन + इक) | रुवाइ (रु + आइ) | कमाइ (काम + आइ) |

(ख) उत्तर :


| | | |
|---|---|---|
| कार्य (कृ + य) | चौथाइ (चौथो + आइ) | निष्काम (निस् + काम) |
| दुराशय (दुर् + आशय) | खोजी (खोज + ई) | औद्योगिक (उद्योग + इक) |
| ठुल्दिदी (ठुली + दिदी) | मानवोचित (मानव + उचित) | धैर्य (धीर + य) |

२. दिइएको शव्दको सन्धि विच्छेद गर्नुहोस् :

उत्तर :

| | | | | | |
|---|---|---|---|---|---|
| पुस्तकालय | = | पुस्तक + आलय | चन्द्रोदय | = | चन्द्र + उदय |
| सूक्ति | = | सूक्त + ई | नारीश्वर | = | नारी + ईश्वर |
| आज्ञानुसार | = | आज्ञा + अनुसार | देवर्षि | = | देव + ऋषि |
| नरेन्द्र | = | नर + इन्द्र | धीरेन्द्र | = | धीर + इन्द्र |
| उल्लेख | = | उत् + लेख | संवाद | = | सं + वाद |
| उद्बोध | = | उत् + बोध | सङ्कीर्ण | = | सम् + कीर्ण |

puspas.com.np




| | | | | | |
|---|---|---|---|---|---|
| सन्देश | = | सम् + देश | दिगम्वर | = | दिक् + अम्वर |
| जगदीश | = | जगत् + ईश | उल्लास | = | उत् + लास |
| सद्भावना | = | सत् + भावना | सन्न्यास | = | सत् + न्यास |
| यशोधरा | = | यशः + धरा | पुनर्कथन | = | पुनः + कथन |
| मनोरञ्जन | = | मनः + रञ्जन | हतियार | = | हात + इयार |
| ढकनी | = | ढाक् + अनी | पन्यालो | = | पानी + आलो |
| प्रेमर्षि | = | प्रेम + ऋषि | | | |

pusspas.com.np

puspas.com.np

३. अन्तिम दिनको दैनिकीको चौथो अनुच्छेद पढी सन्धियुक्त चारओटा शव्द खोजी सन्धि विच्छेद गर्नुहोस् :

उत्तर :



| | | |
|---|---|---|
| राती | = | (रात + ई) |
| वाँडेर | = | (वाँड् + एर) |
| हरिया | = | (हरियो + आ) |
| मादक | = | (मद + अक) |